| ऐन संख्या :- | ०३ |
|---|---|

सुकिदह गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७४

| सभाबाट स्वीकृत मिति :- | २०७४/११/१८ |
|---|---|

# सुकिदह गाउँपालिका

## जिनावाङ, रोल्पा

५ नं.प्रदेश ,नेपाल

सुकिदह गाउँपालिकाको विद्यालय शिक्षा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार,नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, [illegible] आधारित श्रम प्रति सम्मान गर्ने प्रतिस्पर्धी दक्ष जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भई रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गरी स्तरीय शिक्षा तथा जीवनोपयोगी सीपकोअवसर वृद्धि गर्न वाञ्छनीय भएकोले,

"नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- एक

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम " स्थानीय शिक्षाऐन, २०७४" रहेको छ ।

(२) यो ऐन सुहिदह गाउँपालिका भर लागू हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने हरेक कक्षाको शिक्षा सम्झनु पर्छ ।

(ख ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने हरेक कक्षाको शिक्षा सम्झनुपर्छ ।

(ग)"गाउँपालिका" भन्नाले सुकिदह गाउँपालिकालाई सम्झनुपर्छ ।

(घ)"गाउँ सभा" भन्नाले सुकिदह गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(ङ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा शारीरिकअपाङ्गता भएका बालबालिकालाई दिइने विशेष किसिमको शिक्षा सम्झनु पर्छ।

(च)"विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(छ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान,सीप तथा विषयवस्तुमा आधारितप्रविधि र व्यवसायउन्मुखशिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ज) "सामुदायिक विद्यालय" भन्नाले नेपालसरकारबाट नियमित रूपमा अनुदानपाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालयसम्झनुपर्छ ।

(झ) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी निजी पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ञ) "शिक्षक" भन्नाले विद्यालयमा सिकाइ सहजीकरण गर्न नियुक्त अध्यापक सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

(ट) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्यकर्मचारी सम्झनु पर्छ ।

(ठ) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ड) "स्वीकृति" भन्नाले तोकिएबमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ढ) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमास्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(ण) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(त) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(थ) "प्रारम्भिक बालशिक्षा" भन्नाले तीन वर्ष उमेर पूरा भएका पाँचवर्ष मुनिका बालबालिकालाई दिइने एक वा दुई वर्षकोप्रारम्भिक बाल शिक्षासम्झनु पर्छ ।

## परिच्छेद- दुई

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृती, समायोजन तथा नियमन

३. माध्यमिक शिक्षाको प्रकार: माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्:-

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा ।

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

४. शिक्षाको माध्यम:

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा दुवैभाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) आधारभूत तहको शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले रोल्पा न.पा अन्तरगतका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

५. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

६. विद्यालयको वर्गीकरण: विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी विद्यालय

७. विद्यालय संचालन गर्न अनुमति लिनुपर्ने:

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित गाउँपालिका प्रमुख समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर सुकिदह गाउँपालिकाको शिक्षा शाखाबाट स्रोत व्यक्तिले पेश गरेको स्थलगत प्रतिवेदनको आधारमा आवश्यक जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी आधारभूत तहभए शिक्षा अधिकृतको सिफरिसमा प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा गाउँपालिका शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्तबन्देज पालना गरेको देखिएमा सिफारिसमा आधारभूत तहभए शिक्षा अधिकृतको सिफरिसमा प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा सुहिदह गाउँपालिकाको शिक्षा शाखाले सो निवेदनउपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न आधारभूत तहभए शिक्षा अधिकृतको सिफरिसमा प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा नगर शिक्षा समितिको सिफारिसमा नगरपालिका प्रमुखले पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैन:-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएकाविद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाईसञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रुपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा आधारभूत तहका लागि प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा नगरपालिका प्रमुखबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछन् ।

(१०) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशीशिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृतिदिइने छैन । (११) विद्यालय सञ्चालन तोकिए बमोजम हुनेछ ।

८. गाउँपालिकाले प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा थप व्यवस्था गर्न सक्नेछ ।

९. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने: गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ ।

१०. गाउँ पालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न वा कक्षा थपघट गर्न सक्ने :

(१) गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी वा कक्षा घटाई सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा स्वीकृतीका लागि पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुने आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा नगर पालिकाले नाम परिवर्तनको स्वीकृती दिन सक्नेछ ।

४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेषझल्किने प्रकारको नाम राख्न पाइने छैन । माध्यमिक तहको हकमा ५००००००।– (पचासलाख रुपैया मात्र), आधारभूत तहको हकमा ३००००००। (तिस लाख रुपैया मात्र) रुपैया प्रदान गरेमाव्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन ।

११. गाउँ शिक्षा समितिसम्बन्धी व्यवस्था:

(१) गाउँ पालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको नगरँ शिक्षा समिति रहनेछ :-

(क) गाउँपालिकाको प्रमुख - संयोजक

(ख) गाउँपालिकाको उप-प्रमुख - उपसंयोजक

(ख) गाउँ कार्यपालिकाले तोकेको शिक्षा हेर्ने बिषयगत समितिको संयोजक - सदस्य

(ग) गाउँपालिकाले तोकेको नगर सभाका सदस्यहरु मध्येबाट एकजना महिला पर्ने गरी दुई जना - सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनित गरेको एकजना - सदस्य

(ङ)समाजसेवी, शिक्षा प्रेमी, वा चन्दादाताहरु मध्येबाट गाउँ कार्यपालिकाबाट मनोनित कम्तीमा एकजना महिला र दलित सहित दुई जना - सदस्य

(च) आधारभूत, माध्यमिक तथा उच्च तहको सामुदायिक वा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनित गरेको एकजना महिला सहित तीनजना - सदस्य

(छ) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ज) गाउँ पालिका क्षेत्र भित्रका नेपाल शिक्षक महासंघका अध्यक्ष १ जना – सदस्य

झ) गाउँ पालिकाको शिक्षा अधिकृत - सदस्य सचिव

(ञ) बहालवाला स्रोतव्यक्तिलाइ शिक्षा समितिको बैठकमा आमन्त्रण गरिनेछ ।

(२) समितिका मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ ।

(३) उपदफा (१) अनुसार मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा नगर कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासीब माफिकको स्पष्टिकरणको मौकावाट बञ्चित गरिने छैन ।

(४). गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने, कक्षा थप्ने र घटाउने सम्बन्धमा गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने ।

(च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(ज) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(झ) अभिभावक र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने

(ट) विद्यालयहरुलाई सामाजिक परीक्षण गर्न लगाउने

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने ।

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ,

(ण) शैक्षिक संस्था र शिक्षासंग आवद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने ।

(त) विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।

(थ) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृती र अनुमतीको लागि नगरपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

द) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह/कक्षा थप गर्ने,वा कक्षा घटाउने नीति तर्जुमा गरी नगर पालिकामा पेस गर्ने ।

ध) विद्यालयमा विषयगत शिक्षक दरवन्दी मिलान गर्ने तथा शिक्षकहरुको सरुवा व्यवस्थापन गर्ने ।

न) सामुदयिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने ।

प) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने ।

फ) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

ब) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने ।

भ) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने ।

(म) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(य) विद्यालयहरुलाई सक्षमतामा अधारिता (Performance Based) अनुदान दिने । वा अनुदान दिन सम्वन्ति निकायमा सिफारिस गर्ने ।

(र) विद्यालयका शिक्षक तथा कर्मचारीलाई आवश्यक परेमा प्रोत्साहनसहित स्वेच्छिक अवकासको प्रवन्ध गर्ने ।

(ल) गाउँपालिका क्षेत्र भीत्रका सामुदायिक विद्यालयहरु बीच स्वस्थ प्रस्पिर्धा गराई विध्यार्थीहरुको चौतर्फि बिकासकालागि अर्ध वार्षिक शैक्षिक मेला सञ्चालन गर्ने

(व)तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

१२. शिक्षा अधिकृत वा शिक्षा अधिकृतको काम गर्न तोकिएको स्रोतव्यक्तिको काम कर्तव्य र अधिकार

(१) गाउँ स्तरीय शिक्षा योजना तर्जुमा गरी नगर कार्यपालिकामा पेश गर्ने ,गराउने

(२) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने

(३) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुरिवेक्षण गर्ने, गराउने

(४) गाउँकार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने

(६) गाउँ शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने

(७) शिक्षा अधिकृत वा शिक्षा अधिकृतको काम गर्न तोकिएको स्रोतव्यक्तिको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१३. वडा शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकार

(१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छ :

(क) सम्बन्धित वडाको वडाध्यक्ष संयोजक

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना सदस्य

(घ) माध्यमिक तह रआधारभूत तहकाविद्यालयका प्रधानाध्यापक मध्येबाटनगर शिक्षा समितिले तोकेको उपलब्ध भए सम्म एकजना महिला पर्ने गरी दुई जना –सदस्य

(ङ) सम्बन्धित वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एक जना –सदस्य

(च) सम्बन्धित वडाका वडा सचिव सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने ।

(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) सम्बन्धित वडा भित्रका अभिभावक र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

छ) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह/कक्षा थपघट गर्न नगर शिक्षा समितिमा सिफारिस गर्ने ।

ज) वडाको शैक्षिक अभिबृद्धिका लागि आवस्यक कार्यहरु गर्ने ।

झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ ।

ञ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमती प्रदान गर्ने ।

(ट) गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

१४. विद्यालय व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार:

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ:-

(क) समितिका सदस्यहरूले (ख) र (घ) मध्येबाट छानेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चारजना -सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सो वडासमितिले मनोनयन गरेको एकजना -सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तरउल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना -सदस्य

(ङ) स्थानीय शिक्षाप्रेमी मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(च) शिक्षकहरुले आफूमध्येबाट चयन गरी पठाएको शिक्षक प्रतिनिधी एकजना –सदस्य

छ) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

(२)उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउं शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३)सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य रअधिकार देहायबमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,
(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,
(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,
(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,
(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक,धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,
(च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने ।
(छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षक पदको लागि योग्य उम्मेदवारलाई हाजिर गराई काममा लगाउने तथा गाउँ पालिकाबाट स्वीकृत दरवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने;
(ज) गाउँ पालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने;
(झ) गाउँ शिक्षा समितिबाट तोकिएको सूचिकृत लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने,
(ञ) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,
(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,गराउने
ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मुलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने
ड) तोकिए बमोजिम दरवन्दीका शिक्षकलाई कामको आधारमा प्रोत्साहन र विभागीय कारवाही गर्ने
(ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिएबमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने;
ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने
त) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र सामाजिक परीक्षण गराउन शिक्षक अभिभावक संघ गठन गर्ने
थ) नेपाल सरकार वा गाउँ पालिकाले गरेको व्यवस्था बमोजिम तोकिएको कर्मचारीलाइ तोकिएको तलब भत्ता प्रदान गर्ने ।
(द) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(४) विद्याय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफैं बनाउन सक्ने छ ।

(५) गाउँ शिक्षा समितिले आवश्यक देखेमा गाउँ पालिकाको सहमतिमा एकभन्दा बढी विद्यालयहरुको संयुक्त विद्यालय व्यवस्थापन समिति गठन गरी व्यवस्थापन गर्न सक्ने छ ।

परिच्छेद ३

**विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारीको दरवन्दी, सेवाशर्त, योग्यता एवम्**

**सक्षमताको मापदण्ड**

१५. गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्ने:

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण गाउँ पालिकाले गर्नेछ ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्ति भएको शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँ पालिकाले राख्नु पर्नेछ । यसरी नियुक्त भएको शिक्षकको सेवा सुविधा गाउँ पालिका मार्फत भुक्तानी गर्नुपर्नेछ ।

१६. शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता

शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।

१७. यो ऐन लागु भए पश्चात स्थायी अध्यापन अनुमती पत्र लिनु पर्ने :

अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैनन् ।

१८. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था:

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन नगर पालिकामा सिफारिस गर्नेछ:-

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमाअनुपस्थित रहेमा,

(ग) विद्यालयको कामको शिलशिलामाम बाहेक अन्य अवस्थामा पटक पटक विद्यालयमा अनुपस्थित रहेमा

घ) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणितभएमा,

(ङ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाटसजाय पाएमा,

(च) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्याबसायिक कृयाकलाप गरेमा,

(छ) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(ज) निजले अध्यापन गरेको विषयमा तीन बर्ष भित्रको औषत शैक्षिक उपलब्धी ४० प्रतिशत भन्दा कम भएमा

झ) विद्यालयको चल अचल सम्पत्ती हिनामिना गरेमा

ञ) कुनै पनि नक्कली काजात कसैलाइ कसैलाइ दिएमा दिन लगाएमा वा बनाएमा

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाउँ पालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि मनासिब माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिने छ ।

१९. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :

(१) दफा १९ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

२०. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :

दफा २१ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

२१. स्थायी आवासीय अनुमति लिन नहुने : सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई तोकिए बमोजिम दण्ड तथा सजाय हुनेछ ।

## परिच्छेद ४

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम, वृति विकास

२२. शिक्षकको नियुक्ति

(१) विद्यालयमा कायम भएको रिक्त दरवन्दी तथा राहत शिक्षक पदमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

क) सम्बन्धीत विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष – संयोजक

(ख) बिषयगत रोष्टर मध्येबाट गाउँ शिक्षा समितिको अध्यक्षले तोकेको विषयविज्ञ एक जना – सदस्य

ग) गाउँपालिकाको शिक्षा अधिकृत वा स्रोतव्यक्ति – सदस्य

घ) सम्बन्धीत विद्यालयको प्रधानाध्यापक –सदश्य सचिव

२) समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२३. प्रधानाध्यापक सम्बन्धी व्यवस्था:

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

क) माध्यमिक तहमा प्रधानाध्यापक हुन स्थायी, तथा स्नातकोत्तर उपाधि प्राप्त शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातकोत्तर योग्यता प्राप्त शिक्षक मध्येबाट प्रधानाध्यापक नियुक्ति विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगरपालिका शिक्षा समितिबाट गरिनेछ ।

ख) आधारभूत तहमा स्थायी, तथा स्नातक उपाधि प्राप्त शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातक योग्यता प्राप्त शिक्षक मध्येबाट प्रधानाध्यापक ,विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिबाट नियुक्ति गरिनेछ ।

ग) प्रधानाध्यपकले नियुक्ति हुनु पूर्व पाँच बर्षे विद्यालय बिकास योजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नु पर्ने छ ।

घ) प्रधानाध्यापकको अवधी ५ बर्षको हुनेछ । निज बढीमा २ कार्यकाल मात्र सो पदमा वहाल रहन पाउनेछ ।

ङ) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक एवं प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

च) निजले पेस गरेको विद्यालय बिकास योजना बमोजिम कार्य गरेको नपाइएमा नगर शिक्षा समितिले प्रधानाध्यापक पदबाट हटाउन सक्नेछ तर एक पटक स्पष्टिकरणको मौका दिईनेछ ।

छ) उत्कृष्ट कार्य सम्पादन गरेका शिक्षकको हकमा सम्बन्धित तहमा स्थायी हुनु पर्ने सर्त लागु हुने छैन
ज)आधारभूत तहको कक्षा १–५ सञ्चालित विद्यालयको हकमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह शैक्षिक योग्यता भएका स्थायी शिक्षकलाइ प्र.अ. हुन बाट बञ्चित गरिने छैन ।

२४. शिक्षकको सरुवा:

(१) दरवन्दी मिलान गर्दा बाहेक शिक्षकले सरुवा हुन चाहेमा आफू कार्यरत विद्यालय रजाम बाहेको विद्यालयका विद्यालय व्यवस्थापन समितिको सहमतिसहित गाउँ शिक्षा समितिसमक्ष निवेदन दिन सक्नेछ ।

(२) यसरी प्राप्त निवेदनका आधारमा गाउँ शिक्षा समितिले आफ्नो क्षेत्रभित्र वा सहमति प्राप्त विद्यालयमा सरुवा गर्नु पर्ने छ ।

(३) यसरी सरुवा गर्दा समान तहका र विद्यालयको आवश्यकताअनुसार विषय मिल्ने देखिएमा स्थायी,अस्थायी वा करार वा राहत शिक्षकलाई पनि सोही प्रकृतिको दरवन्दीमा पारस्परिक सरुवा गर्न सकिने छ । तर शिक्षकको सरुवा पदस्थापन भएको सामान्यतया तीन बर्षसम्म गरिने छैन ।

(४) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ । विशेष अवस्था भन्नाले निज सो विद्यालयमा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

२५.दरवन्दी मिलान:

(१) विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरवन्दी भएको विद्यालयमा तोकिएको गाउँ शिक्षा समितिले आवश्यक परेमा हरेक वर्ष दरवन्दी मिलान गर्न सक्ने छ ।

(२) यसका लागि शिक्षक दरबन्दी कम भएका विद्यालय, दरबन्दी नै नभएको विद्यालय तथा पिछडिएका र ग्रामीण क्षेत्रमा रहेका विद्यालयलाइ प्राथमिकता दिइने छ ।

२६. शिक्षकको बढुवा सम्बन्धी व्यवस्था: हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागु भएको कानुन बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ती पाएका शिक्षककहरुको सेवा सर्त तथा बढुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था :

शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारको नीति तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ ।

२८. शिक्षकलाई अन्य काममा लगाउन नहुने :

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँ पालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

परिच्छेद ५

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन

२९. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि वाश सुविधा सहितको अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनु पर्नेछ ।

२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परिक्षण, छात्राहरुलाई सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनु पर्नेछ ।

३) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

४) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्ने छ ।

५) विद्यालयको कुनै पनि भौतिक पूर्वामधार जस्तै गारो, छानो , भ्याल ढोका, कक्षाको भुई, शौचलय, खाने पानी एवं अन्य पूर्वाधारहरु तथा फर्निचर जीर्ण भएको अवस्थामा तत्काल मर्मतको व्यवस्था मिलाउनु पर्नेछ ।

३०. विद्यालयको सम्पत्तिः

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँ पालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुनबमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँ पालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमाकुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरँ पालिकाको अनुमति लिनु पर्नेछ तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको चल अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन ।

६) व्यक्तिको जग्गा त्रूटिबस विद्यालयको नाममा स्वामित्वमा पर्न आएको भए छानबीन गरी सही ठहरिएमा सम्बन्धित व्यक्तिलाइ हस्तान्तरण गरिनेछ ।

३१. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँ पालिकाले कानुन बमोजिम भोग चलन गर्न सक्ने छ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिका र नेपाल सरकारको रहने छ ।

३२. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) आफ्ना विद्यालयका विद्यार्थीहरुलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र गाउँ शिक्षा समितिमा माग गर्नुपर्नेछ।

(३) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ।

(४)आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ।

५) विद्यालयमा बहु पाठ्यपुस्तक लागु हुनेछ। पाठ्पुस्तक विद्यालय व्यवस्थापन समितिले निर्णय गरी लागु गर्न सक्ने छ।

६) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ।

७) प्रत्येक वर्ष हरेक विद्यालयले विद्यालय सुधार योजना अधवधिक गरी गाउँ शिक्षा समितिमा पेश गर्नु पर्ने छ।

३३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन :

१) विद्यालयले पाठ्यक्रममा आधारित रही सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक कृयाकलाप सञ्चालन गर्न सक्ने छ।

२) विद्यालयले बालक्लव, तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकूद प्रतियोगिता, साहित्यिक तथा बहु प्रतिभामूखि क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ।

३) विद्यालउले प्रोकृतिक प्रकोप तथा जोखिम न्यनिकरण सम्वन्धि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

परिच्छेद ६

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमनसम्बन्धी व्यवस्था

३४. संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमती वा स्वीकृती लिनु पर्नेछ।

३५. संस्थागत विद्यालयको व्यवस्थापन समिति

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येकविद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ:-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँ पालिकाबाट मनोनित - अध्यक्ष

(ख) अभिभावकहरूमध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना -सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरूमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना, -सदस्य;

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा स्रोतव्यक्ति - सदस्य;

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना -सदस्य;

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिले

निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

३६. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

१)संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछ:-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालनगर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले नेपाल सरकार र नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,

(च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने,,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँ पालिकाबाट जारी शिक्षाक्षेत्रसँग सम्बन्धित सबै नीति,नियम, तथा निर्देशनहरूको पालना गर्ने;

(ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३७. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरीतोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समितिरहनेछ ।

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रकृया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराइ सार्वजनिक समेत गर्नु पर्नेछ ।

(४) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

३८. अनुगमन तथा मूल्याङ्कन

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न नगरपालिका वा गाउँ शिक्षा समिति ले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

३९. अनुमति वा स्वीकृति रद्द गर्ने : कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमविपरीतअन्य कुनै काम गरेमा गाउँ पालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएकोअनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ ।तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

परिच्छेद७

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

४०. गाउँपालिका भित्र संचालन हुने सबै तहका परीक्षालाई मर्यादित र व्यवस्थित बनाउनको लागि देहाय बमोजिमको परीक्षा अनुगमन समिति हुनेछ :

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्ति | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. शिक्षा हेर्ने विषगत समितिको संयोजक | सदस्य |
| ४. शिक्षा अधिकृत | सदस्य |
| ५. गाउँपालिका क्षेत्र हेर्ने प्रहरी कार्यालय प्रमुख | सदस्य |

४१. आधारभूत तहकक्षा ८ को अन्त्यमा हुने परीक्षाको सञ्चालन सम्बन्धी व्यवस्था

(१) आधारभूत शिक्षाको कक्षा ८ को अन्तिम परीक्षा गाउँपालिका स्तरीय हुनेछ ।

(२) उपदफा १ बमोजिमको परीक्षा सम्बन्धी सम्पूर्ण कार्य गर्न देहाय बमोजिमको एक परीक्षा समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) शिक्षा अधिकृत | संयोजक |
| (ख) आधारभुत तथा माध्यमिक तहको प्रधानाध्यापक/ शिक्षकहरु मध्येबाट गाउँपालिका शिक्षा समितिका अध्यक्षले तोकेको तीनजना | सदस्य |
| (ग) संयोजकले तोकेको कर्मचारी /शिक्षक | सचिव |

(३) उपदफा (२) बमोजिम गठन भएको परीक्षा समितिको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

४२. आधारभूत तह कक्षा ५ को अन्तीम परीक्षा सञ्चालन सम्बन्धी दायित्व सम्बन्धित स्रोतकेन्द्रको हुनेछ ।

परिच्छेद८

## विद्यालयलाई दिईने अनुदान, लेखा व्यवस्थापन, अनुगमन र नियमन,

४३. विद्यालय कोष:

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ:-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा [illegible]
तोकिएबमोजिमहुनेछ ।

४४. अनुदानको व्यवस्था :

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(३) गाउँ पालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।

४५. लेखा व्यवस्थापन

(१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्यायको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्न वेग्लै लेखा शाखा खडा गरी कुनै कर्मचारी वा शिक्षकलाई लेखा व्यवस्थापन गर्ने जिम्मेवारी दिनु पर्नेछ ।

४६. सामुदायिक विद्यालयको खाता संचालन

(१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।

(२) विद्यालयको खाता संचालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारी वा शिक्षकको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ ।

४७. लेखा परीक्षण तथा सामाजिक परीक्षण

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र नगर शिक्षा समितिले तोकेको रजिष्ट्राड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँ पालिकामा पेश गर्नुपर्नेछ ।

(३) प्रत्येक बर्ष भाद्र मसान्त भित्र विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धी ,विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठ पोषण लिनु पर्नेछ ।

४८. छात्रवृतिको व्यवस्था गर्न सक्ने: गाउँ पालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

४९. शुल्क सम्बन्धी व्यवस्था:

(१) नेपाल सरकारले नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँ पालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँगकुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएकोअधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

५०. विद्यालयलाई छुट र सुविधा

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ९

## स्रोतकेन्द्र सम्बन्धी व्यवस्था

**५१. स्रोतकेन्द्र स्थापना :**

(१) गाउँ पालिका क्षेत्रभित्र सामुदायिक र संस्थागत विद्यालयको निरीक्षण, तथा शैक्षिक सहजीकरणका लागि न्युनतम एउटा स्रोतकेन्द्र रहने छ । तर ३० भन्दा बढी विद्यालय भएमा दुई ओटा र ५० भन्दा बढी विद्यालय भएमा बढीमा तीन ओटासम्म स्रोतकेन्द्र रहने छ ।

(२) बहालवाला स्रोतव्यक्तिको पद रिक्त भएमा स्रोतकेन्दमा माध्यमिक तहको शिक्षक मध्येबाट तोकिए बमोजिम छनोट गरिएको स्रोतव्यक्ति रहनेछ ।

(३) स्रोतकेन्द तथा स्रोतव्यक्तिले वार्षिक तथा मासिक कार्ययोजना बनाई शिक्षा अधिकृत वा प्रमुख प्रसासकीय अधिकृतबाट स्वीकृत भए अनुसार विद्यालयको नियमित अनुगमन, नमूना कक्षा प्रदर्शन, शैक्षणिक सहयोग, नेपाल सरकार तथा नगरपालिकाको निर्णय, निर्देशन र सूचना प्रवाह तथा कार्यान्वयन गर्नु पर्नेछ ।

४) स्रोत व्यक्तिको कार्यालय अर्को व्यवस्था नभएसम्मको लागी सम्बन्धीत गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ ।

**५२. स्रोतव्यक्तिको काम कर्तव्य र अधिकार**

१) सामुदायिक तथा संस्थागत विद्यालयहरुको नियमित अनुगमन निरीक्षण तथा सुपरिवेक्षण गर्ने ,
२) समय समयमा कक्षा अवलोकन तथा नमूना पाठ प्रदर्शन गर्ने ।
३) सिकाइ सहजिकरणका लागि शिक्षकहरुलाइ प्राविधिक सहयोग गर्ने ।
४) शिक्षा तथा सचेतना सम्बन्धी विभिन्न तालिम,गोष्ठी एवं बैठक सञ्चलन गर्ने ।
५) विद्यालय शिक्षा संग सम्बन्धित विभिन्न तथ्याङ्क सङ्कलन,अभिमुखिकरण गरी गाउँ शिक्षा समिति मा पेश गर्ने ।
६) विद्यालयले बनाउने विभिन्न योजनाहरुमा प्राविधिक सहयोग गर्ने ।
७) विद्यालय स्तर, स्रोतकेन्द्र स्तर र गाउँ पालिका स्तरका विद्यालयले सञ्चलन गर्ने परीक्षा एवं अन्य कार्यक्रमहरुको संयोजन गर्ने ।
८) शिक्षकहरुको कार्य सम्पादनको आधारमा प्रोत्साहनका लागि गाउँ शिक्षा समितिमा सिफारिस गर्ने । ९) स्रोतकेन्द्रको माशिक तथा वार्षिक कार्य योजना निर्माण गरी गाउँ शिक्षा समितिमा पेस गर्ने र माशिक कार्य सम्पादनको प्रतिवेदन समेत पेस गर्ने ।
१०) गाउँ शिक्षा समिति र नगर पालिकाका विभिन्न सुझाव नीति एवं निर्देशनको सूचना सबै विद्यालयहरुमा सम्प्रेशन गर्ने ।
११) नेपाल सरकार, प्रादेशिक सरकार तथा स्थानीय तहका सरकारले तोकेका अन्य कामहरु गर्ने ।

## विविध

५३.विद्यालयको विधान:

(१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावेश गरिएको विधान अभिभावक सभाबाट पारित गराई लागू गर्नु पर्नेछ ।

(२) अभिभावक सभाले विधान आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

(३) विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति,शिक्षक अभिभावक संघ, प्रधानाध्यापक लगायत अन्य सबै सरोकारवालाहरुको कर्तव्य हुनेछ ।

(४) अद्यावधिक भएको विधानको प्रतिलिपी ७ दिन भित्र व्यवस्थापन समितिले गाउँ शिक्षा समतिमा पेश गर्नु पर्नेछ ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनु पर्नेछ ।

५४. गाउँ पालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिने छ । यस्ता विद्यालयको सञ्चालनका लागि गाउँ पालिकाले सम्भाव्यता अध्ययन , विद्यालयलाई थप सुविधा प्रदान र आवस्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

५५. गाउँ पालिकाले निर्देशन दिन सक्ने:

(१) गाउँ पालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

५६. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने:

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जनागर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

५७ बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन, दुर्व्यवहार गर्न पाइने छैन ।

५८. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन :

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५९. प्रगति विवरण बुझाउनु पर्ने : संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँ पालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

६०. शिक्षा विकास कोष

१) गाउँ पालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ ।

२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछ :

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँ पालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

३) कोषको सञ्चालन गाउँ पालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, गाउँ शिक्षा समितिले मनोनित गरेको स्थानीय शिक्षा विद तथा शिक्षा अधिकृत वा निजको काम गर्न तोकिएको स्रोतव्यक्ति रहेको समितिबाट हुनेछ ।

६१. दण्ड सजाय:

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी बिगो बमोजिम जरिवानागर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ:-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्यगरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(झ) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) कानून बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

६२. पुनरावेदनः तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

६३. नियम बनाउने अधिकारः

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियमबनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि नगर शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

६४. शिक्षा परामर्श सभा गठन गर्न सक्ने :

गाउँ कार्यपालिकाले आवश्यक ठानेमा समग्र शिक्षाको स्थिति पहिचान गरी शैक्षिक उन्नयनका लागि आवश्यक परामर्श दिन एक सर्वपक्षीय वृहत शिक्षा परामर्श सभा गठन गर्न सक्ने छ ।

६५. संक्रमणकालीन व्यवस्था :

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली पारित नहुँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति नगर कार्य पालिकाले दिन सक्नेछ ।

६६. बाधा अडकाउ फुकाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँ पालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

६७क. बचाउ र लागू नहुनेः

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत कारवाही चलाउन बाधा पर्नेछैन ।

(३)संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः नि क्रीय हुनेछन् ।

(४) यस अघि कानून बमोजिम नियुक्त शिक्षक, कर्मचारीहरुलाई नेपाल सरकारबाट दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय र कारवाही गर्न बाधा पर्ने छैन ।